म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१६ अङ्कः- ५४ २०८१ पुस २६ गते शुक्रबार 10 January 2025, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

**धूमपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं**

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन,
- यसले मुटु,दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालिन रोग लाग्न सक्छ,
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं,
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं,
- धुम्रपानले तपाई र तपाईको परिवारका साथै नजिक रहेका व्यक्तिलाई समेत असर पुऱ्याउँछ ।

त्यसैले,

धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं

नेपाल सरकार
विज्ञापन बोर्ड

## मकवानपुर उद्योग वाणिज्य संघ साधारणसभा

# अध्यक्ष पदमा रानाभाट र अनिल उम्मेद्वार



समाज संवाददाता

हेटौंडाः मकवानपुर उद्योग वाणिज्य संघको अध्यक्ष पदका लागि २ जनाले उम्मेद्वारी दर्ता गराउनुभएको छ । मकवानपुर उद्योग वाणिज्य संघको निर्वाचन कार्यतालिका अनुसार बिहिबार भएको उम्मेद्वारी दर्ता कार्यक्रममा अध्यक्ष पदका लागि अनिल अग्रवाल र प्रमोद सिंह रानाभाटले उम्मेद्वारी दर्ता गराउनुभएको छ। विभिन्न पदमा ६ जना सर्वसम्मत निर्वाचित भइका छन् ।

एशोसिएट सचिवमा माधव ज्ञवाली, उद्योग सचिवमा रुपकराज दाहाल, वस्तुगतको मनहरी आरक्षणतर्फ शंकर प्रसाद कालाखेती विजयी भएका छन् ।

बहुराष्ट्रिय कम्पनितर्फ एसिएन पेन्ट्सका विक्रम कुमार सञ्जेल, वाणिज्यतर्फ महिला आरक्षणमा निलम बजगाई र एसोसिएसटतर्फ सुकृत पराजुली सर्वसम्मत निर्वाचित हुनुभएको छ ।

अनिल अग्रवाल संघको वर्तमान समितिमा वरिष्ठ उपाध्यक्ष हुनुहुन्छ भने रानाभाट उपाध्यक्ष हुनुहुन्छ। संघको निर्वाचन कार्यक्रम शनिबार बिहानदेखि हेटौंडा-२ स्थित पल्पसा सदनमा हुनेछ। महासचिव पदका लागि प्रतिमा श्रेष्ठ र विकेशलाल श्रेष्ठकले उम्मेद्वारी दर्ता गराउनुभएको छ। कोषाध्यक्ष पदका लागि कृष्ण कर्माचार्य (भाइ) र तेजराज अधिकारीको उम्मेद्वारी परेको छ भने सह-कोषाध्यक्षमा राधिका सामरी पाण्डे र निमल वैद्यको उम्मेद्वारी परेको छ। एशोसिएटतर्फ उपाध्यक्षमा विष्णु खनाल र उज्जवल चौलागाईं उम्मेदवारी पर्दा सचिवमा माधव ज्ञवाली निर्विरोध निर्वाचित हुनुभएको छ ।

वाणिज्यतर्फ उपाध्यक्षमा राजु अधिकारी र रामप्रसाद न्यौपाने, सचिवमा कुलप्रसाद चौलागाई र दिवस पराजुलीको उम्मेद्वारी परेको छ । उद्योगतर्फकै उपाध्यक्षमा दीपक उप्रेती र रविन्द्र प्रसाद घिमिरेको उम्मेद्वारी पर्दा सचिवमा रुपकराज दहाल निर्विरोध निर्वाचित हुनुभएको छ ।

यस्तै, वस्तुगत उपाध्यक्षमा प्रदीप अर्याल र काव्यमणि अधिकारीको उम्मेद्वारी परेको छ भने सचिव पदका लागि राजाराम कार्की र नेत्रप्रसाद खतिवडाले उम्मेद्वारी दर्ता गराउनुभएको छ ।

वाणिज्यतर्फ सदस्यमा राजेन्द्र लामिछाने (राजेश), रविन ढकाल, सन्तोष घिमिरे, विष्णुप्रसाद दाहाल, बालकृष्ण बजगाई, राजदेव बनियाँ, यज्ञ बहादुर राई र होमनाथ खनाल (रोशन) को उम्मेद्वारी पर्दा महिला आरक्षणतर्फ निलमकुमारी पाण्डे, निलम बजगाई र मुनाकुमारी पाठकको उम्मेद्वारी परेको छ। एशोसिएट सदस्यमा अंकिता सुमार्गी, नवराज खतिवडा, पुजन विडारी, हेटौंडा औद्योगिक क्षेत्रबाट सुकृतराज पराजुली र बहुराष्ट्रिय कम्पनिबाट विक्रमकुमार सञ्जेलको उम्मेद्वारी परेको छ। उद्योगको महिला आरक्षणतर्फ मेनका श्रेष्ठ र सीतादेवी भेटवालको उम्मेदवारी परेको छ भने वस्तुगतको मनहरी आरक्षणतर्फ नारायण अधिकारी र शंकरप्रसाद कालाखेतीको उम्मेदवारी पारेको छ ।

यस्तै, मनहरी आरक्षण नारायण सुवेदी र उद्योग तर्फका सदस्यको उम्मेद्वारी गंगाका कुमारी श्रेष्ठको उम्मेद्वारी रद्द गरिएको छ । संघको विधान (बाह्रौं संशोधन सहित) को दफा ११ को उपदफा (६) मा "कार्यसमितिको पदाधिकारी एवम् सदस्यहरुको निर्वाचन हुने मिति (महिना) भन्दा २ वर्ष अगाडि सदस्यता प्राप्त गरेको सदस्यहरुले मात्र निर्वाचनमा उम्मेद्वारी दिन मिल्ने व्यवस्था लागू भएको हुँदा दुबैजनाको उम्मेद्वारी रद्द गरिएको निर्वाचन अधिकृत इश्वरराज ढकालले जानकारी दिनुभयो ।

# गाँजा खेतीलाई वैध गर्नुपर्छः मुख्यमन्त्री लामा

समाज संवाददाता

चैनपुर (राक्सिराङ) : बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले गाँजा खेतीलाई वैध गर्नुपर्ने बताउनुभएको छ । संघीय सरकारले कानुन निर्माण गरेर गाँजा खेती गर्ने वातावरण तयार गर्नुपर्ने उहाँले बताउनुभयो । बिहीबार मकवानपुरको राक्सिराङ गाउँपालिकाको हिउँदे अधिवेशनको उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री लामाले अभावका कारण राक्सिराङ, कैलाशका नागरिक जेल जान बाध्य हुनु परेको उल्लेख गर्नुहुँदै वर्तमान सरकारलाई गल्ती गर्ने छुट नरहेको टिप्पणी गर्नुभयो ।

मुख्यमन्त्री लामाले नागरिकको आवश्यकता अनुसारको विकास र गुणस्तरीय सेवा सहज रुपमा प्रदान गर्नु वर्तमान सरकारको दायित्व रहेको बताउनुभयो। आन्तरिक समस्या र कानुनी अड्चन सुल्झ्याएर नागरिकको आवश्यकता अनुसारको विकासका काम गर्नुपर्ने उहाँको भनाइ छ । सरकारले रणनीतिक आयोजनाहरु निर्माण गरेर काम गर्न जरुरी रहेको औंल्याउनुभयो ।

'विकट क्षेत्रका नगरिकलाई विकासमा जोड्ने गरी प्रदेश सरकारले योजना तयार गर्नेछ । सिमान्तकृत वर्गको नागरिकको जिवनस्तर सुधारका लागि सरकारले रणनीतिक योजना कार्यान्वयन गर्नेछ', उहाँले भन्नुभयो, 'चेपाङ समुदायको विकास र उत्थानका लागि संरक्षित क्षेत्र घोषणा गरी कार्यक्रम कार्यान्वयनको चरणमा सरकार रहेको छ । परम्परा र संस्कृति संरक्षणमा प्रदेशले काम गर्नेगरी अघि बढेको छ ।' आर्थिक उपार्जनमा नागरिकलाई जोड्न विशेष पकेट क्षेत्र मार्फत काम गर्नेपर्ने मुख्यमन्त्री लामाले बताउनुभयो। योजनासँग नागरिकको भोट साट्ने काम बन्द गर्नुपर्ने उहाँको भनाइ छ।

कार्यक्रममा नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले निर्वाचन पछि राजनीतिक विचारभन्दा माथि रहेर काम गर्नुपर्ने बताउनुभयो । उहाँले स्थानीय तहले नाकावन्दी लगाउँदा जनताका विषयमा जनप्रतिनिधिसँग जोडिन सक्ने अवस्था नरहेको आरोप लगाउनुयभो । उहाँले स्थानीय तहका प्रमुख/उपप्रमुखले संघ तथा प्रदेश सांसदसँग समन्वय गरेर अघि बढ्नु पर्ने बताउनुभयो ।

स्थानीय तहका प्रमुख/उपप्रमुखले नै सांसदहरुसँग विकास माग्ने गरेको गुनासो गर्नुभयो । सांसदहरुसंग नीति, नियम तथा कानुनका विषयमा प्रश्न गर्नुपर्ने उहाँको भनाइ छ। सांसदहरुसँग विकासका आयोजना आम नागरिकले माग्नुपर्ने उनले बताए। अघिल्लो सरकारले बनाएको बजेटमा काम गर्दा केहि असहजता भएको उहाँले बताए। नागरिकहरुमा सहज सेवा प्रदान गर्नेगरी सरकारले काम गरिरहेको उहाँले बताउनुभयो । विकट राक्सिराङ, कैलाश गाउँपालिकाको विकासका लागि सडक पूर्वाधारलाई स्तरीय बनाउन जरुरी रहेको बताए । उनले सो क्षेत्रको विकासका लागि त्रिभुवन राजपथ र महेन्द्र राजमार्ग जोड्ने गरी सडक पूर्वाधार निर्माण गर्नुपर्ने बताउनुभयो ।




# रिहा भए रवि

काठमाडौंः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति एवम् पूर्वगृहमन्त्री रवि लामिछाने रिहा भएका छन्। जिल्ला अदालत कास्कीको आदेशपछि लामिछाने कास्की प्रहरीको हिरासतबाट मुक्त भएका हुन्। बिहीबार जिल्ला अदालत कास्कीका न्यायाधीश नीतिज राईको इजलासले सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दामा लामिछानेबाट ६५ लाख रुपैयाँ धरौटी लिएर छाड्न आदेश दिएको थियो। अदालतले तोकेको उक्त धरौटी बुझाएर लामिछाने बिहीबार साँझ रिहा भएको रास्वपा नेता सोविता गौतमले जानकारी दिइन् । गत कात्तिक २ गते काठमाडौंबाट पक्राउ परेका लामिछाने ८४ दिनको हिरासत बसाइपछि रिहा भएका हुन् । लामिछानेलाई अन्य जिल्ला अदालतमा दर्ता भएका मुद्दाको प्रक्रियाका लागि स्वयं उपस्थित हुने सर्तमा कास्की अदालतले रिहा गर्न आदेश दिएको हो। उनलाई पोखरास्थित गण्डकी अस्पतालमा स्वास्थ्य परीक्षण गराएर प्रहरीले परिवारको जिम्मा लगाएको हो ।

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



# सम्पादकीय

## नीतिगत स्थिरता आवश्यक

मुलुकको आर्थिक क्षेत्र विभिन्न आरोह-अवरोह सहेर बामे सरिरहेको छ । देशको अर्थव्यवस्था सन्तोषजनक छैन । आर्थिक मन्दीजस्तै अवस्था देखिएको छ । देशभित्र पर्याप्त उद्योग, व्यवसायको विकास हुन सकेका छैनन् भने भएका उद्योग, व्यवसाय पनि विविध समस्यामा जकडिएका छन् । आयात-निर्यातबीचको ठूलो अन्तरका कारण भइरहेको व्यापार घाटाले मुलुकको अर्थतन्त्र जर्जर बनिरहेको छ । मुलुकमा जस्तोसुकै राजनीतिक परिवर्तन भए पनि आर्थिक अवस्थामा आशातित परिवर्तन हुन सकिरहेको छैन । दशकौंदेखिको राजनीतिक अस्थिरताले आर्थिक मुद्दाहरु निरन्तर ओझेलमा परिरहेका छन् । देशमा राजनीतिक स्थायित्व कायम नभएकै कारण प्रभावकारी नीति निर्माण हुन सकेको छैन । भएका नीति छिटो-छिटो परिवर्तन हुने वा कार्यान्वयन नहुने अवस्था जस्ताको त्यस्तै छ । यस्तो अवस्थामा देशको आर्थिक सामाजिक विकास र रुपान्तरण आकाशको फलजस्तै हुने निश्चित छ ।

राजनीतिक परिवर्तनसँगै अहिले मुलुकमा संघीय शासन व्यवस्था छ । देशमा केन्द्र, प्रदेश र स्थानीय गरी ३ तहको सरकार छ । देशको आर्थिक सामाजिक विकास गरी नागरिकको जीवनयापनलाई सहज बनाउने भनेर ल्याइएको संघीयताले पनि आर्थिक सामाजिक विकास गर्ने लक्षण देखाइरहेको छैन । देशमा पर्याप्त उद्योग खुल्ने, कृषि उत्पादन वृद्धि हुने, व्यापार फस्टाउने हो भने आर्थिक विकासले गति लिन सक्छ । जब आर्थिक विकास हुन थाल्त, तब देशमै प्रशस्त रोजगारीको अवसर सृजना हुन्छ । रोजगारी सहज भएपछि आम नागरिकको आम्दानी बढ्छ । यसले उनीहरुको जीवनस्तरमा सुधार आउँछ र सामाजिक विकास पनि सहज बन्छ । यी सबै हुनका लागि सरकारको औद्योगिक तथा व्यावसायिक नीति स्थिर, दीर्घकालीन र प्रभावकारी हुनु आवश्यक छ । तीनै तहको सरकारले आ-आफ्नो क्षेत्रमा उपयुक्त आर्थिक क्रियाकलाप पहिचान गरेर आर्थिक नीति निर्माण र कार्यान्वयन गर्ने हो भने देशको सबै क्षेत्रको विकास गर्न सकिने सम्भावना छ ।

बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले रोजगारी सृजना र युवा पलायन रोक्न उद्योग क्षेत्र फस्टाउन जरुरी रहेको बताएका छन् । मंगलबार मकवानपुर उद्योग वाणिज्य संघको ५८ औं साधारणसभा तथा अधिवेशन उद्घाटन गर्दै मुख्यमन्त्री लामाले नेपालीले उत्पादनका काम छाड्दा समस्या भएको, उद्योग क्षेत्रले स्थानीय कच्चा पदार्थ प्रयोगमा जोड नदिएको, व्यवसायी वाणिज्यमा केन्द्रित भएकोजस्ता समस्या सुनाए । मुख्यमन्त्रीले समस्या सुनाउने होइन, समाधानको उपाय अवलम्बन गर्नेतर्फ अग्रसर हुने हो । सरकारको नेतृत्वकर्ताले समस्या थाहा पाएपछि समाधान गर्न ध्यान केन्द्रित गर्ने हो । ऐन, कानुन परिमार्जन गरेर विकास र समृद्धिको बाटोमा अघि बढ्नुपर्छ समेत भन्न भ्याएका मुख्यमन्त्रीले आर्थिक क्षेत्रको विकास र समृद्धिका लागि के गरिरहेका छन् ? यसको ठोस जवाफ पक्कै छैन । सरकार बाहिर रहँदासम्म यस्तो भएन, उस्तो भएन, यसरी भएन, यसरी गर्नुपर्छ भनेर सरकारको बिरोध गर्नेहरु नै सरकारमा हुँदा खालि समस्यामात्र उजागर गरेर आफ्नो कार्यकाल पूरा गर्ने परिपाटीले कसरी विकास र समृद्धि सम्भव होला ?

नेपालको भौगोलिक बनावट र प्राकृतिक स्रोत-साधनको प्रचुर सम्भावनालाई हेर्दा आर्थिक समृद्धि हासिल गर्न सकिने पर्याप्त आधार छन् । सरकारले आर्थिक क्षेत्रलाई थप चलायमान बनाउन थप लगानी आकर्षित गर्नुपर्छ, जसका लागि लगानीमैत्री स्थिर र ठोस नीति कार्यान्वयनमा ल्याउनु आवश्यक छ । कृषि, उद्योग, खनिज, जलविद्युत्, पर्यटनजस्ता सम्भावनायुक्त आर्थिक क्षेत्रमा पर्याप्त लगानी आकर्षित गर्दै लगानीको प्रतिफल सुनिश्चित गर्नेतर्फ सरकारले उपयुक्त कानुनी र नीतिगत व्यवस्था गर्नुपर्छ । मुलुकमा राजनीतिक क्रान्ति सफल भयो अब आर्थिक क्रान्ति गर्नुपर्छ भनेर भाषण गर्नेहरुबाटै आर्थिक मुद्दालाई राजनीतिको ओझेलमा पारिँदै आएको छ । देश र प्रदेशलाई नीतिविहीन बनाउन वा भएका नीति पनि कार्यान्वयन नगरी विफल बनाउन सरकारको नेतृत्व गर्ने व्यक्तिले नै समस्यामात्र तेर्स्याउँदासम्म आर्थिक विकासको आशा गर्नु बेकार छ ।

# सहज छैन नेपालमा सम्पत्ति शुद्धीकरण



✍ के.बी. बस्नेत




आज विश्व नै भ्रष्टाचारले आक्रान्त भएकाले धेरैजसो देशमा सामाजिक, आर्थिक, राजनीतिक तथा प्रशासनिक क्षेत्रमा विकृति, विसंगति र अराजकता दिन-प्रतिदिन तीव्र रूपले बढिरहेको छ । त्यसैले यी देशका सरकारले आफ्ना नागरिकका नैतिकतालाई स्खलित गर्दै समाजका हरेक तहलाई निकम्मा बनाउँदै छन् । भ्रष्टाचारीको राष्ट्रिय भावना हुँदैन । उनीहरू आफ्नो राष्ट्रको हितविपरीत सौदागर गर्न पनि हिचकिचाउँदैनन् । एकातर्फ उनीहरू राष्ट्रिय हितविपरीत सन्धि तथा सम्झौता गर्न सक्छन् भने अर्कातर्फ विदेशीसँग मिलेर स्वदेशी आयोजना तथा उद्योगलाई धरापमा पार्न सक्छन् ।

कुनै पनि देशका नेताले भ्रष्टाचार निर्मूल पार्नुपर्ने हो । परन्तु, धेरैजसो देशमा उनीहरू नै यस्तो कुकृत्यमा संलग्न छन् । त्यसैले विश्वभर भ्रष्टाचार हुनु स्वाभाविक हो ।

वर्तमान समयमा भ्रष्टाचारीहरूले अर्थोपार्जनका लागि आफ्ना देशका गोप्य सूचना अन्य देशमा पठाउने र अराष्ट्रिय व्यक्तिसँग सम्पर्क गरी राष्ट्रिय सुरक्षामा खतरा बढाई आतंक फैलाइरहेका छन् । उनीहरूको प्रमुख ध्येय नै आयआर्जन गरी आफ्नो सम्पत्ति अभिवृद्धि गर्नु हो । तसर्थ, हाल सम्पत्ति शुद्धीकरणसम्बन्धी काम विश्वव्यापी भएको छ र नेपाल पनि यस सम्बन्धमा अछुतो रहन सकेको छैन ।

साधारणतया कुनै पनि व्यक्तिद्वारा आफ्नो सम्पत्तिको स्रोत र गन्तव्यलाई गोप्य राखेर गैरकानुनी रूपमा कमाएको धनलाई विभिन्न छद्म कारोबार देखाई वैध आर्जित सम्पत्तिजस्तो बनाउने प्रक्रियालाई सम्पत्ति शुद्धीकरण भनिन्छ, जुन निम्नलिखित चार चरणमा गरिन्छ ।

प्रथम चरणमा अवैध रूपमा रकम संकलन गर्ने काम गरिन्छ भने दोस्रो चरणमा उक्त रकम कतै राख्ने काम गरिन्छ । त्यसपछि उक्त रकमलाई विभिन्न माध्यमद्वारा बैंकिङ प्रणालीमा प्रवेश गराइन्छ । तेस्रो चरणमा आर्जित अवैध रकमको तहकीकरण गरी बैंक तथा वित्तीय प्रणालीद्वारा प्रयोग गरिन्छ । जुन अनुसन्धान गर्ने निकायहरूलाई पत्ता लगाउन सहज हुँदैन । चौथो चरणमा जब उक्त रकम एकीकृत गरी औपचारिक रूपमा सम्बन्धित राज्यको अर्थतन्त्रमा प्रवेश गराइन्छ, तब उक्त रकम वैध रूपले आर्जन गरेको जस्तो आभास हुन्छ ।

सम्पत्ति शुद्धीकरण मौद्रिक लाभ गर्ने उद्देश्यले गरिने एक अनैतिक कार्य हो । यो एक गम्भीर आर्थिक अपराध हो । जसले कुनै पनि वित्तीय कानुनी राज्यको अवधारणा पालना गर्दैन ।

वर्तमान समयमा सम्पत्ति शुद्धीकरण गर्ने कार्य विश्वव्यापी भएको छ । जसले सम्बन्धित सरकार, राज्य व्यवस्था र वित्तीय प्रणालीप्रति वितृष्णा मात्र पैदा नगरी सम्पूर्ण अर्थतन्त्रमा समेत नकारात्मक प्रभाव पारेको छ ।

सन् १९९१ मा वित्तीय कारबाही कार्यदल (एफएटिएफ) स्थापना गरिएपछि सम्पत्ति शुद्धीकरणसम्बन्धी कार्यलाई एक गम्भीर अपराधको रूपमा अंगीकार गरियो । तत्पश्चात् यसलाई नियन्त्रण गर्नुपर्ने आवश्यकतालाई विश्वभरि नै स्विकारियो । यही कारणले हाल विश्वका १ सय ३३ भन्दा बढी देशमा सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुन लागू गरिएको छ ।

सन् २००२ मा नेपालले एफएटिएफको क्षेत्रीय संस्था प्यासिफिक ग्रुप अन मनी ल्यान्डरिङको सदस्यता प्राप्त गरेपछि सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ तथा सम्पत्ति शुद्धीकरण नियमावली, २०६६ र सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापहरूमा वित्तीय लगानी विवरण रणनीति तथा कार्यक्रम (२०६८-७२) कार्यान्वयनमा ल्याइएको छ ।

यहाँ सम्पत्ति शुद्धीकरणसम्बन्धी अपराधको सूचना बैंकिङ प्रणालीतर्फको नेपाल राष्ट्र बैंकअन्तर्गतको वित्तीय जानकारी एकाइबाट र अन्यतर्फको नेपाल प्रहरीअन्तर्गतको केन्द्रीय अनुसन्धान र स्थानीय जनताबाट समेत प्राप्त गरिन्छ ।

प्राप्त सूचना र सुराकीको अनुसन्धान एवं तहकीगत गरी तोकिएको कसुर गरेको हो वा होइन भन्ने कुरा पत्ता लगाउने जिम्मेवारी र अधिकारसहित नेपाल सरकारको निर्णयअनुसार सम्पत्ति शुद्धीकरण विभाग स्थापना गरिएको छ । जसले सम्पत्ति शुद्धीकरण गर्ने कार्यको सम्बन्धमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यहरु गर्दै आएको भए तापनि यसका नीतिनियमहरुमा समयानुकूल संशोधन नगरिएकाले ठूलाबडा तथा उच्चपदस्थ पदाधिकारीहरूको सम्पत्तिको निगरानी गरेको पाइँदैन ।

वर्तमान समयमा नेपालमा शंकास्पद आर्थिक कारोबार गर्ने व्यक्तिको संख्या तीव्र गतिमा बढिरहेको अनुमान छ । नेपाल राष्ट्र बैंकको एक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७८-७९ मा यहाँको शंकास्पद कारोबार अघिल्लो आर्थिक वर्षको तुलनामा ८१.३४ प्रतिशतले वृद्धि भएको अवगत हुन्छ ।

हाल यहाँ सम्पत्ति शुद्धीकरण नियन्त्रणका लागि गरिएको प्रयासबारे वित्तीय कारबाही कार्यदल (एफएटिएफ) ले खासगरी सम्पत्ति शुद्धीकरण नियन्त्रणसम्बन्धी व्यवस्था र विद्यमान नीतिनियमको कार्यान्वयनका बारेमा पारस्परिक मूल्यांकन गर्न काम सुरु गरेको कुरा प्रकाशमा आएको छ । जसको निष्कर्ष एफएटिएफले जारी गरेको ४० बुँदे सिफारिसको अनुपालनमा आधारित हुनेछ ।

संक्षेपमा भन्ने हो भने सन् २०११ को पारस्परिक मूल्यांकनमा एफएटिएफले जारी गरेको ४० बुँदे सुझावमध्ये एउटा मात्र कार्यान्वयन गरिएको आधारमा सोहीअनुरूप नतिजा प्राप्त गरेको नेपालले त्यसपछि यहाँ गरिएको केही कानुनी तथा संरचनात्मक सुधारका कारण हाल सुरु गरिएको पारस्परिक मूल्यांकनमा पहिलेको भन्दा केही सन्तोषजनक नतिजा आउने अपेक्षा गर्नु स्वाभाविक हो । यति मात्र नभई तत्कालीन सरकारले यहाँबाट सीमापार गरिने नगद मुद्राको ओसारपसार सम्बन्धी ३२ नम्बरको सुझावअनुसार कार्यान्वयन एवं अन्य आवश्यक विवरण पनि पेस गरिएकाले भविष्यमा पहिलेको भन्दा केही सन्तोषजनक नतिजा आउने अपेक्षा गर्न सकिन्छ । परन्तु, यहाँ विद्यमान वित्तीय संस्थाभन्दा इतरका अन्य निकायहरुको भूमिकामा मूल्यांकनकर्ताहरुमा सन्देह पैदा भएको अवस्थामा भने उक्त अपेक्षाका तुसारापात नहोला भन्न सकिँदैन । यस सम्बन्धमा सम्बन्धित पक्षको ध्यान यथाशीघ्र आकृष्ट हुन नितान्त आवश्यक छ ।

नेपालमा सम्पत्ति शुद्धीकरणका लागि केही वर्षअघि नै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग स्थापना गरे पनि हालसम्म पनि यसले ठोस काम गर्न सकेको छैन । यस विभागले समयसापेक्ष काम गर्ने अपेक्षा गरिए पनि वर्षमा सरदर एक दर्जन मुद्दा पनि दायर गर्न सकेको छैन ।

यहाँ सम्पत्ति शुद्धीकरण अनुसन्धानलाई प्रभावकारी बनाउन सम्पत्ति शुद्धीकरण ऐन, २०६४ लाई हालसालै संशोधन गरी यससम्बन्धी अपराध अनुसन्धानको दायरा फराकिलो बनाइएको छ । अबदेखि नेपाल प्रहरीको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राजस्व अनुसन्धान विभाग, वन कार्यालय, राष्ट्रिय निकुञ्जलगायत १३ सरकारी निकायले सम्बद्ध कसुरका रुपमा सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान र अभियोजन गर्न पाउने भएको छ ।

वस्तुतः उक्त विभागको अनुसन्धानले मात्र सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान प्रभावकारी नभएकाले अन्य निकायहरुलाई पनि अनुसन्धान गर्ने अधिकार दिइएको हो । परन्तु, यस्तो व्यवस्थाले भविष्यमा निष्कर्षमा पुग्न जटिल हुने कुरा नकार्न सकिँदैन ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान एवं नियन्त्रणमा नेपाल कमजोर छ । अन्तर्राष्ट्रिय मूल्यांकनमा यो देशलाई कालोसूचीमा राख्ने सम्भावना भएकाले वर्तमान सरकारले सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐनमा संशोधन गरेको हो । तर, यो कत्तिको फलदायी हुन्छ भन्ने कुरा भविष्यले देखाउनेछ ।

*(स्रोत: कारोबारदैनिक)*

# महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

# तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : यान वाहनसँग विशेष सजगता अपनाउँदा राम्रो ।
**वृष** : मनोरञ्जनमा रमाइने समय योग रहेको छ ।
**मिथुन** : आत्मबलले काममा पूर्णता प्राप्त गर्ने समय छ ।
**कर्कट** : ज्ञान र प्रज्ञा बढाउने समय योग रहेको छ ।
**सिंह** : आपसी तालमेल मिलाउँदा कठिनता आइपर्ला ।
**कन्या** : परिश्रमको राम्रै प्रतिफल पाइने समय योग छ ।
**तुला** : आत्मीय प्रेमको अनुभूति हुने समय योग छ ।
**वृश्चिक** : काममा जोस जाँगर बढ्ने समय योग छ ।
**धनु** : कल्पना र भावनामा रमाइने समय योग छ ।
**मकर** : व्यापार–व्यवसायबाट लाभ प्राप्त हुनेछ ।
**कुम्भ** : नाम र प्रतिष्ठा कमाइने समय योग रहेको छ ।
**मीन** : आफन्तले निः स्वार्थ भावले सहयोग गर्नेछन् ।

# जिम्मी कार्टरलाई दलितका आँखाबाट हेर्दा



✍ हिरा बिश्वकर्मा



असीको दशकमा म अमेरिकी संस्था सेभ द चिल्ड्रेनमा काम गर्दा यसका स्पोन्सरहरू नेपालको भ्रमणमा आउँथे । मैले पनि धेरैजसो त्यस्ता स्पोन्सरहरूलाई गोरखाका विभिन्न ठाउँमा भ्रमणमा लैजानुपर्थ्यो । सोही क्रममा एक जना महिला स्पोन्सरले जिम्मी कार्टर हार्नु र रोनाल्ड रेगनले जित्नुको कारण बारेको विश्लेषण अहिले पनि सम्झन्छु ।

उनका अनुसार तत्कालीन सोभियत संघसँग शीतयुद्ध चरम उत्कर्षमा थियो र अमेरिकीहरु सोभियत संघसँग तल परेको हेर्न चाहँदैनथे, राष्ट्रपति जिम्मी कार्टर उनीहरुसँग खरो रुपमा प्रस्तुत हुन सकिरहेका थिएनन्, र आम अमेरिकीहरूमा उनी कमजोर राष्ट्रपति भएको बुझाइ रहेछ ।

यस्तोमा रोनाल्ड रेगन चलचित्रको पृष्ठभूमिबाट आएका थिए र धेरै चलचित्रमा उनले काउब्वायको भूमिका निर्वाह गरेका थिए । काउब्वाय भन्ने बित्तिकै छालाको ह्याट, त्यस्तै पाइन्टको कम्मरमा दुवैपट्टि पेस्तोल भिरेका र घोडामा सवार हुने व्यक्तिको छवि आउँछ, त्यस्तो भूमिकामा विरोधी वा अपराधीहरूलाई नायकले आफ्नो पेस्तोलको चर्तिकलाले परास्त गरेको देखाइन्छ ।

राजनीतिमा पनि रोनाल्ड रेगन एउटा कडा काउब्वाय जस्तो राजनीतिज्ञको रूपमा आफूलाई प्रस्तुत गरे र अमेरिकी जनताले उनलाई पत्याए । अमेरिकामा धेरैजसो राष्ट्रपतिहरूले दोस्रो कार्यकाल पनि सजिलै जितेको इतिहास छ, केही अपवाद बाहेक । तर किन कार्टर एउटा शालीन र शान्तिप्रिय व्यक्ति हुँदाहुँदै पनि दोस्रो कार्यकालको लागि उनी सफल भएनन् भनेर भन्दा रोनाल्ड रेगनको काउब्वाय छविले पनि फरक पार्‍यो । ती अमेरिकी महिलाको यो विश्लेषण अहिले पनि मलाई रोचक लागिरहेको छ ।

कार्टर दोस्रो कार्यकालका लागि भएको चुनावमा परास्त भएता पनि उनले आफ्नो सत्कर्मबाट हामीलाई समेत सम्झिनुपर्ने बनाएका छन् । मलाई सम्झना भए अनुसार उनले नेपालको तीन पटक भ्रमण गरे र खासगरी लोकतन्त्र र मानवअधिकारको क्षेत्रमा अभूतपूर्व काम गरे भन्दा फरक पर्दैन ।

माओवादी दशवर्षे सशस्त्र युद्धबाट भर्खरै शान्ति प्रक्रियामा आएको थियो र नेपालको संविधानसभाको चुनावको पर्यवेक्षण साथै मानवअधिकारको अवस्था बुझ्न सन् २००७ को जूनमा नेपाल आएका थिए, कार्टर ।

त्यतिबेला उनले यहाँका सामाजिक आन्दोलनका विभिन्न पक्ष तथा प्रतिनिधिहरूसँग प्रत्यक्ष भेटघाट र कुराकानी गरेका थिए । यसरी भेट्ने क्रममा दलित गैरसरकारी संस्था महासंघ (जसको म प्राविधिक सल्लाहकार समेत थिएँ) को प्रतिनिधिमण्डलसँग भेट्ने क्रममा यो पंक्तिकारसँग भेट्ने अवसर जुरेको थियो ।

अमेरिकाका बहालवाला राष्ट्रपतिलाई हामीले भेट्न पाउने भन्ने कल्पनाभन्दा बाहिरको कुरा भएतापनि पूर्व राष्ट्रपतिलाई भेट्न पाउनु हाम्रा लागि जीवनमा पाइने विरलै अवसरहरूमध्ये एक थियो ।

कुरा हो १५ जून २००७ को । नेपालका विभिन्न सामाजिक आन्दोलनका विभिन्न समूहलाई पालैपालो सोल्टी होटलको एउटा सुईट रुममा व्यवस्था मिलाइएको थियो । खासै ठूलो सुरक्षाको व्यवस्था केही थिएन, सामान्य सुरक्षा जाँचपछि हामीलाई उनी बसेको कक्षमा पुर्‍याइयो । अमेरिकाका पूर्व राष्ट्रपति हाम्रा लागि विशेष भएतापनि उनी अत्यन्त सामान्य रूपमा प्रस्तुत भएका थिए । उनी र हामी बीचमा खासै कुनै फरक भए जस्तो हामीलाई महसुस भएन ।

हामीलाई दोभाषेको आवश्यकता त थिएन, तर संयोग र भाग्यवश दलित अभियन्ता तथा नेता डा. मित्र परियार त्यतिबेला बेलायती दूतावासमा राजनैतिक अफिसरको रूपमा कार्यरत थिए, उनी कार्टरका दोभाषे नियुक्त भएका रहेछन् । उनको समेत उपस्थितिमा हामी चार जना म आफैं, डीएनएफका महासचिव बोमबहादुर विश्वकर्मा, यसका सचिव तेज सुनार र निर्देशक तीर्थ बर्माले उनलाई भेटेका थियौं ।

हाम्रो भेट करीब ४० मिनेटको थियो । हामी दलित अभियन्ता तथा प्रतिनिधिको रूपमा उपस्थित भएको हुँदा

...बाँकी पृष्ठ ३ मा

# जडीबुटी खेतीसम्बन्धी तालिम सुरु

समाज संवाददाता

हेटौंडाः वनस्पति अनुसन्धान केन्द्र मकवानपुरको आयोजनमा बुधबारदेखि मकवानपुरगढी गाउँपालिका–६ मा ३ दिने जडीबुटी खेतीसम्बन्धी तालिम सुरु भएको छ । तालिममा २० जना जडीबुटी खेती गर्ने कृषकहरुको सहभागिता रहेको छ ।

हावापानी र वातावरणमा सुहाउँदो जडीबुटी खेतीको विषयमा तालिम दिइएको वनस्पति अनुसन्धान केन्द्र, मकवानपुरका सूचना अधिकारी युगल अर्यालले जानकारी दिनुभयो । कार्यक्रमको उद्घाटन मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यमा भएको हो ।

तालिम उद्घाटन कार्यक्रममा मकवानपुरगढी गाउँपालिका ६ नम्बर वडा अध्यक्ष कृष्णप्रसाद बजगाईंको विशिष्ट आतिथ्य एवम् वनस्पति अनुसन्धान केन्द्र मकवानपुरका प्रमुख हेमराज पौडेलको सभाध्यक्षता रहको थियो । तालिमको उद्घाटन क्रममा पालिका अध्यक्ष लामाले जडीबुटी खेतीतर्फ ध्यान दिई अग्रसर हुन सके कृषकहरुको आयआर्जनमा थप टेवा पुग्न सक्ने बताउनुभएको छ । मकवानपुर गढी गाउँपालिकाको हावापानीमा कुरिलो र सर्पगन्धाको सम्भावना धेरै रहेको बताइएको छ ।

# जिम्मी कार्टरलाई...

स्वाभाविक रूपमा हाम्रो संवादको विषय दलित नै हुनेभयो । त्यति वेला शान्ति तथा पुनर्निर्माण मन्त्री वर्तमान राष्ट्रपति रामचन्द्र पौडेल थिए र हामीसँग भेट्नुभन्दा पहिले उनले मन्त्रीसँग भेटेको प्रसंग पनि निकाले । भूतपूर्व भए पनि विश्वको शक्तिशाली देशका राष्ट्रपतिलाई भेट्न पाउने भएपछि हामीले पनि राम्रै तयारी गरेका थियौं ।

त्यतिवेला पहिलो संविधानसभाको माहोल थियो । अतः त्यसकै सेरोफेरोमा हामीले ८ बुँदे ज्ञापनपत्र बनाएका थियौं । त्यसको साथै तथ्य तथ्यांकमा दलितको वास्तविक अवस्थाको पनि एउटा पाना उपलब्ध गरायौं । उनले हाम्रो कुरा मात्रै सुनेनन्, बीच बीचमा प्रश्न तथा जिज्ञासा दुवै राखे ।

उनले नेतृत्व गरेको कार्टर सेन्टरले चुनावको बढी पर्यवेक्षण गर्ने भएको हुँदा उनले दलित मतदाता तथा उनीहरूको नागरिकताको बारेमा जिज्ञासा राखे र भने दलितले नागरिकता प्राप्त गर्न समस्या छ ? दलितले मतदाता सूचीमा नाम लेखाउँदा समस्या भोग्छन् ?

उनले दलितको जनसंख्याको वितरण तथा पूरा जनसंख्यामा दलितको हिस्साको बारे सोधे । त्यसको जवाफमा हामीले भन्यौं, समूहगत हिसाबमा दलितको जनसंख्या जनजाति तथा क्षेत्री पछि १३ प्रतिशत सहित तेस्रो स्थानमा पर्ने बतायौं । वितरणको सन्दर्भमा देशभरि छरिएर रहेको हुँदा जनजातिहरूले जस्तो सजिलै चुनाव जित्न सक्ने स्थिति नरहेको बताउँदा उनी मुस्कुराए मात्रै ।

उनले दलितका राजनैतिक भ्रातृ संगठन र दलित नागरिक समाज बीचको अन्तरसम्बन्धको बारेमा सोधे र त्यसमा दलित गैरसरकारी संस्था महासंघलाई पनि जोड्दै भने तिमीहरू कहाँ पर्छौ ? के तिमीहरू एकअर्का बीच प्रतिस्पर्धी हौ ? जवाफमा हामीले भन्यौं, उनीहरूको कार्यक्षेत्र र हाम्रो बीचमा धेरै फरक छ, हामी एकअर्काका पूरक हौं प्रतिस्पर्धी होइनौं ।

उनले दलितले गर्ने पेशा जसलाई अन्य गैरदलितले लिन चाहँदैनन्को बारेमा पनि जिज्ञासा राखे, यो जिज्ञासा राख्नुको पछाडि उनको भारतका सफाइ मजदुर जो दलित समुदायका छन् उनीहरूको बारेमा विशेष जानकारी र ाखेका रहेछन्, त्यसकै आडमा हामीलाई पनि प्रश्न सोधे, हामीले भारतमा जस्तो सफाइको काम गर्ने दलितहरूको त्यस्तो विकराल समस्या छैन, काठमाडौंमा त सफाइ गर्नेहरूले एकदिनमै हजारौं रुपैयाँ कमाउने भएको हुँदा यसमा सबै जातका मान्छेहरू लागेको बतायौं ।

उनले दलित र गैरदलित बीचको आम्दानीको बारेमा पनि सोधे, त्यतिबेला उपलब्ध तथ्यांक अनुसार नेपालीको सरदर आम्दानी २० हजार रुपैयाँ प्रति वर्ष थियो भने दलितको जम्मा १३ हजार मात्रै । उनले त्यसलाई डलरमा कति हुन्छ भन्ने पनि जिज्ञासा राखे, त्यो भनेको प्रति महिना १५ डलर मात्रै हो । यति सुनेपछि उनी अलि खिन्न देखिए र भने यति थोरै आम्दानीमा उनीहरूको गुजारा कसरी हुन्छ ? उनले के राजनैतिक पार्टीहरुले दलितका लागि गर्नुपर्ने काम गरिरहेका छन् ? जवाफमा हामीले भन्यौं प्रायः सबै ठूला राजनैतिक पार्टीहरूले आफ्ना भ्रातृ संगठनहरू खोलेका छन् तर हामीले अपेक्षा गरे जति केही पनि गरेका छैनन् ।

अन्त्यमा उनले नेपालका दलितका सवाल र खासगरी हामीसँगको भेटलाई नबिर्सने र आवश्यक परेको ठाउँ तथा अवस्थामा दलितका सवालहरु उठाउने वचन दिए । हामीसँगको भेटलगत्तै अहिलेकी सर्वोच्च अदालतकी न्यायाधीश तथा तत्कालीन महिला अधिकार अभियन्ता सपना मल्ल प्रधान तथा दुर्गा सोब लगायतका समूहसँग भेट्ने कार्यक्रम भएकोले हामी छुट्टियौं ।

हामीले भेट्दा कार्टरको नेपालको दोस्रो भ्रमण थियो भने उनी दोस्रो संविधानसभाको चुनावमा पनि पर्यवेक्षणका लागि आए तर सामाजिक आन्दोलनका अगुवाहरुसँग भने भेटेनन् । जे होस् उनीसँगको हाम्रो भेट हाम्रा लागि अविस्मरणीय रह्यो । उनको सम्पूर्ण भ्रमणको चाँजोपाँजो कार्टर सेन्टर तथा अमेरिकी दूतावासले गरेको थियो, सायद त्यसकै प्रभावका कारणले हुन सक्छ त्यसपछिका वर्षहरुमा अमेरिकी सहयोगमा दलितहरुले पनि प्राथमिकता पाउन थाले ।

कार्टर अहिले संसारमा बाँच्ने औसत उमेर भन्दा धेरै बाँचे, आफ्नो राष्ट्रपतिको चारवर्षे कार्यकाल पछि पनि मानवताको हितमा उनले जे काम गरे त्यो संसारका अन्य राजनेताहरुको लागि पनि अनुकरणीय छ । भावपूर्ण श्रद्धाञ्जली !

*(स्रोतः अनलाईखबर)*

# सरोज मृत भेटिए

समाज संवाददाता

हेटौंडा : मकवानपुरको राक्सिराङ गाउँपालिका–४ का २८ वर्षीय सरोज शाह हेटौंडा–१० स्थित एक होटलमा मृत भेटिएका छन् । हेटौंडा–१०, बसपार्कस्थित एक होटलमा पुस १५ गतेदेखि बस्दै आएका शाह बिहीबार दिउँसो १२ बजेर २० मिनेटको समयमा मृत भेटिएको प्रहरीले जानकारी दिएको छ ।

बिहीबार अबेरसम्म पनि ढोका नखोलेपछि होटल सञ्चालकले झ्यालबाट हेर्दा अचेत जस्तो देखिएपछि प्रहरीलाई खबर गरिएको थियो । मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक श्यामु अर्यालका अनुसार मादकपदार्थ सेवन गरेका कारण स्वास्थ्यमा समस्या भई मृत्यु भएको हुन सक्ने अनुमान गरिएको छ ।

घटना शंकास्पद नभएको र पोष्टमार्टमपछि मात्रै मृत्युको कारण खुल्न सक्ने प्रहरीको भनाइ छ ।


## कर्मचारी आवश्यकता

*सुचना प्रकाशित मिति : २०८१/०९/२६*

यस संघका लागि तपशिल बमोजिमको कर्मचारी आवश्यकता परेकोले पदपूर्ति उपसमितिको मिति २०८१/०९/२५ गतेको बैठकको निर्णय अनुसार दरखास्त आव्हान गरिन्छ । योग्य, इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**विज्ञापन नं. : ०१/०८१/०८२**

१. पद :- कार्यालय सहयोगी
२. तह :- प्रथम
३. शैक्षिक योग्यता :- एस.एल.सी. वा एस.इ.इ. उत्तीर्ण ।
४. उमेर :- १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
५. आवश्यक संख्या :- १ (एक) जना ।
६. विशेष ग्राह्यता :- साधन चलाउन जान्ने, लाइसेन्स भएको र महिला ।
७. आवश्यक कागजात :- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, बायोडाटा, हस्तलिखित निवेदन, शैक्षिक प्रमाणपत्रको प्रतिलिपी, सहकारी संस्थामा आवद्ध भएमा शेयर प्रमाणपत्रको प्रतिलिपी, अन्य सहकारी सम्बन्धी तालिम लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपी, २ प्रति पासपोर्ट साईजको फोटो)
८. दरखास्त खुलेको मिति :- २०८१/०९/२६ गते
९. दरखास्त दिने अन्तिम मिति :- २०८१/१०/११ गते सम्म (साँझ ४ बजे भित्र)
१०. सम्पर्क मिति :- २०८१/१०/१३ गते
११. परीक्षा मिति :- सम्पर्क मितिको दिनमा तोकिने छ ।
१२. परीक्षाको किसिम :- मौखिक र प्रयोगात्मक ।
१३. तलब सुविधा :- संघको निर्णय अनुसार ।
१४. दर्ता शुल्क :- रु. २००/-
१५. नियुक्ती :- स्थायी
१६. परीक्षणकाल :- १ वर्ष
१७. अन्य सुविधा :- संघको नियम अनुसार
सम्पर्क नं. :- ०५७-५२११७२

**जिल्ला बचत तथा ऋण सहकारी संघ लि. मकवानपुर**
**हेटौंडा-२, शान्तिपथ**






## किसान कल्याण बहुउद्देश्यीय सहकारी संस्था लि.

## २५ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस किसान कल्याण बहुउद्देश्यीय सहकारी संस्थाको मिति २०८१/०८/११ गतेको संचालक समितिको बैठकको निर्णय अनुसार २५ औं वार्षिक साधारण सभा तथा अधिवेशन तपसिल बमोजिम हुने भएकोले तोकिए अनुसार शेयर सदस्य ज्यूहरुको सक्रिय सहभागिताका लागि हार्दिक आमन्त्रण गर्दछौं ।

**तपसिल**
१. संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
३. कोषाध्यक्षको आर्थिक प्रतिवेदन सम्बन्धमा ।
४. लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।
५. आ.व. २०८१/०८२ को लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा ।
६. विनिमय, निर्वाचन निर्देशिका, कार्यविधि, नीति नियमावली सम्बन्धमा ।
७. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने सम्बन्धमा ।
८. विविध

**कार्यक्रम:**
मिति: २०८१/०९/२७ गते ।
स्थान: हेटौंडा–८, शुभम् पार्टी प्यालेस
समय: बिहान १०:०० बजे देखि ।

**पुनश्च**: १. शेयर सदस्य ज्यूहरुले आफ्नो परिचय खुल्ने परिचय पत्र लिएर पाल्नु हुन र एस.ई.ई को मार्कसिट २०८१/०९/२२ गते भित्र संस्थामा बुझाउँनु हुन हार्दिक अनुरोध गर्दछौं ।
२. शेयर सदस्यज्यूहरु स्वयम् आफैं अनिवार्य उपस्थित हुन सादर अनुरोध गरिन्छ ।

**मोती लाल लामा**
**अध्यक्ष**






## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**
**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**
**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**

## के तपाई अटो व्यावसायी बन्दै हुनुहुन्छ ?

यदि स्वरोजगार अटो व्यावसायी बन्दै हुनुहुन्छ भने यी कुराहरुमा विचार गर्नुहोस्
- सवारी कुन कुन क्षेत्रमा सञ्चालन गर्न पाउने हो ।
- तपाई सवारी चालक बन्नको लागि सवारी चालक अनुमतीपत्र, प्राप्त चालक हो कि होइन ?
- सवारीका सम्पुर्ण कागजातहरु नवकीरण छन कि छैनन् ?

**अध्यक्ष नवराज घिमिरे एवम्**
**नेपाल अटो ई-रिक्सा व्यावसायी संघ परिवार**
**हेटौंडा-४, मकवानपुर**

# राक्सिराङ-७ लाई चेपाङ सांस्कृतिक तथा पर्यटकीय क्षेत्र घोषणा

समाज संवाददाता

हेटौंडा : मकवानपुरको राक्सिराङ गाउँपालिकाले वडा नम्बर-७ लाई चेपाङ साँस्कृतिक तथा पर्यटकीय क्षेत्र घोषणा गर्ने निर्णय गरेको छ । बिहीबार बसेको गाउँपालिकाको १७ औं गाउँसभाले वडा नम्बर-७ लाई चेपाङ साँस्कृतिक तथा पर्यटकीय क्षेत्र घोषणा गर्ने निर्णय गरेको हो ।

गाउँपालिका अध्यक्ष राजकुमार मल्लका अनुसार नेपालको संविधान (२०७२) को धारा (४२) ले गरेको व्यवस्था अनुसार अल्पसंख्यक सिमान्तकृत नागरिकको संरक्षण, उत्थान तथा सशक्तीकरण र विकासको व्यवस्था गरे अनुसार उक्त निर्णय गरिएको हो । सामाजिक साँस्कृतिक संरक्षण तथा आर्थिक विकासका विशेष संरक्षित क्षेत्र कायम गरिने व्यवस्था भएअनुसार वडा नम्बर-७ लाई चेपाङ संस्कृति वा पर्यटकीय क्षेत्र घोषण गरेको उहाँले बताउनुभयो ।

चेपाङ समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक मार्फत पर्यटन प्रवर्द्धन गर्न गाउँपालिकाले चेपाङ साँस्कृतिक तथा पर्यटन क्षेत्र नामाकरण गर्ने निर्णय गरेको उहाँको भनाई छ । उक्त निर्णय कार्यान्वयका लागि गाउँपालिकाले चालु आर्थिक वर्षमा नै विशेष कार्यक्रम मार्फत् बजेट व्यवस्था गर्ने तयारी गरेको अध्यक्ष मल्लले बताउनुभयो । गाउँपालिकाको २०७४ को पहिलो निर्णयमा नै सो वडालाई चेपाङ संरक्षित क्षेत्र घोषणा गर्न संघीय सरकार र प्रदेश सरकारलाई आग्रह गरेपनि कार्यान्वयन हुन नसकेको उहाँले बताउनुभयो ।

गाउँसभाले चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम संशोधन गर्ने प्रस्ताव समेत स्वीकृत गरेको छ भने विनियोजन ऐन, २०८१ माथिको संशोधन सम्बन्धी विधेयक, २०८१ पारित गरेको छ । गाउँसभाले चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अनुमोदन गरेको छ भने न्यायिक समितिको वार्षिक प्रतिवेदन तथा मेलमिलापकर्ताहरुको नाम अनुमोदन गर्ने निर्णय गरेको छ । गाउँसभाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन नतिजा, खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ पारित गरेको छ ।

# प्रश्नपत्र निर्माणसम्बन्धी तालिम सुरु

समाज संवाददाता

हेटौंडा: मककवानपुरगढी गाउँपालिकाको आयोजनामा निम्नमाध्यमिक र माध्यमिक तहको अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षकहरुका लागि प्रश्नपत्र निर्माणसम्बन्धी ३ दिवसीय तालिम सुरु भएको छ । मंगलबार गाउँपालिका-३, मक्रान्चुलीमा रहेको भानु माध्यमिक विद्यालयमा तालिम उद्घाटन भएको हो । तालिम बिहीबारसम्म सञ्चालन हुने गाउँपालिकाका शिक्षा सहजकर्ता कमल फुयाँलले जानकारी दिनुभयो ।

तालिममा मकवापनुरगढी गाउँपालिकाका १५ वटा आधारभूत र माध्यमिक विद्यालयका शिक्षकको उपस्थिति रहेको फुयाँलले जानकारी दिनुभयो । तालिममा अंग्रेजी, गणित र विज्ञान विषयका ३० जना शिक्षकको उपस्थिति रहेको छ ।

तालिमको सहजीकरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गत वर्ष आयोजना गरेको तालिममा सहभागी शिक्षकहरुले गर्नुहुनेछ । कार्यक्रमको सञ्चालन शिक्षा सहजकर्ता फुयाँलले गर्नुभएको थियो ।

तालिम उद्घाटन कार्यक्रममा भानु माध्यमिक विद्यालयको व्यवस्थापन समितिका अध्यक्ष खिलप्रसाद चौलागाईको सभाध्यक्षता तथा गाउँपालिकाका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख रामबहादुर घलानको आतिथ्य रहको थियो ।

राष्ट्रसेवक बहुउद्देश्यीय सहकारी संस्था लि.को

**वार्षिक साधारणसभासम्बन्धी सूचना**

यस राष्ट्रसेवक बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २५औं वार्षिक साधारणसभा तपसील बमोजिम आयोजना हुने जानकारी गराउँदै सम्पूर्ण सेयर सदस्य ज्यूहरुलाई पत्राचार, एसएमएस, सञ्चारका विविध माध्यमबाट सूचित गरिएको छ । यदि कुनै कारणवस सूचना प्राप्त नभए यसै सूचनालाई आधार मानी साधारणसभामा सहभागिताका लागि अनुरोध गरिन्छ ।

**तपसील**
मिति : २०८१ पुस २७ गते शनिबार
समय : बिहान ११ बजे
स्थान : रोयल पार्टी प्यालेस

**अध्यक्ष**
**राष्ट्रसेवक बहुउद्देश्यीय सहकारी संस्था लि.**
**हेटौंडा, मकवानपुर**

# विद्यालय छात्राबास शिलान्यास

समाज संवाददाता

हेटौंडा: मकवानपुरको विकट राक्सिराङ गाउँपालिका-३, सरिखेतस्थित सूर्योदय माध्यमिक विद्यालयको छात्राबास भवन शिलान्यास गरिएको छ । बिहीबार प्रतिनिधिसभा सदस्य एवम् नेकपा एमाले संसदीय दलका प्रमुख सचेतक महेश बर्तौलाले छात्राबास भवन शिलान्यास गर्नुभएको हो ।

प्रमुख सचेतक बर्तौलाले २ घण्टाभन्दा लामो समय हिँडेर विद्यालय आउनुपर्ने बाध्यता न्यूनीकरण हुने विश्वास व्यक्त गर्नुभयो । सार्वजनिक शिक्षालाई सुधार गर्न 'एक पालिका, एक आवासीय विद्यालय' अन्तर्गत छात्राबास निर्माण कार्य थालिएको उहाँको भनाइ छ । राक्सिराङको सूर्योदय माध्यमिक विद्यालय र थाहा नगरपालिकाको झुम्केश्वरी माध्यमिक विद्यालयमा छात्राबास निर्माण सुरु गरिएको हो ।

शहरी विकास मन्त्रालयको १ करोड रुपैयाँ अनुदानमा सद्गुण निर्माण सेवा हेटौंडाले ६४ लाख ९२ हजार रुपैयाँको ठेक्का सम्झौता गरेर भवन निर्माण थालिएको छ । आगामी २०८२ जेठ २६ गतेसम्म भवन निर्माण सम्पन्न गरिने लक्ष्य छ ।

## बकैया कप
# ३, ४ र ६ नं. वडा विजयी

समाज संवाददाता

हेटौंडा : छैठौं संस्करणको बकैया कप फुटबल प्रतियोगिता अन्तर्गत बिहीबार ३ खेल सम्पन्न भएको छ । बकैया-३, हात्तीसुंडेस्थित बकैया रंगशालामा भएको बिहीबारको खेलमा भएको वडा नम्बर ३, ४ र ६ ले विजयी सुरुवात गरेको छ ।

प्रतियोगितामा वडा नम्बर ३ ले ७ लाई १-० गोलले हराएको हो । यस्तै बिहीबारको खेलमा वडा नम्बर ४ ले पनि १० लाई १-० गोलले हराएको छ । यस्तै तेस्रो खेलमा वडा नम्बर ८ लाई १-० गोलले हराउँदै ६ नम्बर विजयी भएको हो । प्रतियोगिता अन्तर्गत शुक्रबार जुनियरतर्फ वडा ११ नम्बर र १२ बीच प्रतिस्पर्धा हुनेछ भने सिनियरतर्फ २७ गते वडा नम्बर ५ र ९ बीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको फाइनल खेल माघ १ गते हुनेछ । प्रतियोगितामा सिनियरतर्फको विजेता टिमले १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै यस्तै जुनियरतर्फको विजेताले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।













समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ